२०७४ साल फाल्गुण २१ बिहीबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छनः

१. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- प्रदेश नं. ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रदेश सभामा पेश गर्न स्वीकृति दिने ।

२. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको- मुख्य न्यायाधिवक्ताको शपथको ढाँचा स्वीकृत गर्ने ।

३. माननीय मुख्यमन्त्रीले प्रस्तुत गर्नु भएको-प्रदेश नं .५ प्रदेश आर्थिक कार्यविधि विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने

४. ५ नं. प्रदेशको पहिचान दिने हिसावले मुख्य मुख्य राजमार्गहरुको प्रवेश बिन्दुहरुमा र भन्सारका नाकाहरुमा सम्बन्धित स्थानीय तहसंग समन्वय गरेर बोर्ड राख्ने ।